# आठराई त्रिवेणी गाउँपालिकाको संरचनागत कार्यविवरण

स्थानीय तह कर्मचारी प्रशासन शाखाको कार्य विवरण देहाय बमोजिम रहेको छ :

- स्थानीय तहमा नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा सिभिल समूह जनरल उपसमूह, विविध सेवा तथा यी अन्तर्गतका समूह तथा उपसमूहहरुको संचालन सम्बन्धी कार्य,
- यस मन्त्रालयले सेवा समूह सञ्चालन गर्ने स्थानीय तहमा खटिएका र खटिने प्राविधिक कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्ने,
- स्थानीय तहमा बढुवाको लागि सिफारिश भएका कर्मचारीका बढुवा नियुक्ति र पदस्थापन सम्वन्धी कार्य गर्ने,
- स्थानीय तहमा निजामती कर्मचारी प्रशासन सम्वन्धमा अपनाउने नीति निर्धारण सम्वन्धी कार्य गर्ने,
- लोक सेवा आयोगबाट सिफारिस भै आएका उम्मेदवारहरुका स्थानीय तहमा नियुक्ति र पदस्थापना सम्वन्धी कार्य गर्ने,
- स्थानीय तहमा फाजिलमा रहेका कर्मचारीहरुको व्यवस्थापन गर्ने,
- स्थानीय तहमा निजामती सेवामा कार्यरत कर्मचारीहरुको सेवा, समूह, उपसमूह परिवर्तन सम्बन्धी सिफारिश लोक सेवा आयोगमा पठाउने,
- स्थानीय तहहरुमा कर्मचारी पुग नपुगको अवस्था यकिन गरी नपुग कर्मचारी खटाउने,
- स्थानीय तहहरुबाट कर्मचारी प्रशासन सम्वन्धी राय माग भएमा पेश गरी निर्णयानुसार राय पठाउने,
- सबै स्थानीय तहहरुलाई कर्मचारी विवरण अद्यावधिक गर्न लगाई सोको अभिलेख व्यवस्थापन गर्ने,
- कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको कम सम्पन्न (भ्रमण, बैठक, अध्ययन, अनुसन्धान आदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने, गराउने ।

Scanned with OKEN Scanner

**आर्थिक प्रशासन शाखाको कार्य विवरण**

आर्थिक प्रशासन शाखाको कार्य विवरण देहाय बमोजिम रहेको छ :

- विनियोजन, धरौटी राजश्वको लेखा अद्यावधिक गर्ने र सम्बन्धित कागजात सुरक्षित राख्ने,
- मन्त्रालयको स्वीकृत बजेट निकासा प्राप्त गर्ने,
- लेखापरीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धी कार्य,
- मातहतका निकायलाई अख्तियारी र निकासा दिने,
- आवश्यक प्रतिवेदन फाराम तयार गराई सम्बन्धित निकायमा पठाउने,
- प्रचलित आर्थिक कानूनद्वारा निर्दिष्ट कार्य ।
- मन्त्रालयको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यमा योजना तथा अनुगमन शाखासंग समन्वय र अन्य शाखासंग समन्वय गरी आवश्यक कार्य गर्ने,
- स्थानीय तहलाई पठाइने अनुदानको अख्तियारी सम्बन्धी कार्य,
- स्थानीय तहको कानून बमोजिम लेखापरीक्षणमा सहजिकरण गरी वेरुजु उपर मन्त्रालयको निर्देशन पठाउने,
- मन्त्रालयको वार्षिक बजेट तर्जुमा (साधारण), निकासा एवं खर्चको प्रबन्ध सम्बन्धी कार्य,
- शाखाहरूलाई लजिष्टिक सपोर्टको लागि बजेट व्यवस्था सम्वन्धी कार्य,
- स्थानीय तहको लेखापरीक्षणको मापदण्ड कार्यान्वयनमा सहयोग ।

**योजना अनुगमन, तथा मूल्याङ्कन शाखा**

योजना अनुगमन, तथा मूल्याङ्कन शाखाको कार्य विवरण देहाय बमोजिम रहेको छ :

- शाखाको मातहत रहि शाखाले सम्पादन गर्ने कार्यमा शाखा प्रमुखलाई सहयोग गर्ने साथै देहाय बमोजिमका कार्य सम्पादन गर्ने गराउने,

Scanned with OKEN Scanner

- सवै विषयगत क्षेत्र स'ग सम्बन्धित योजना तथा आयोजना साथै कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका लागि सरोकारवाला शाखा, उपशाखा तथा इकाई वा केन्द्र स'ग समन्वय गरी तालिका निर्धारण गर्ने,
- शाखा प्रमुखको सहायोगमा विषयगत तथा क्षेत्रगत रुपमा अनुगमन चेक लिष्ट तयार गरी कार्यान्वयनमा ल्याउने,
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन गर्ने सरोकारवाला बिज्ञ ब्यक्ति वा संस्था सँग समन्वय तथा साझेदारी गर्ने गराउने,
- अनुगमन मूल्याङ्कन सम्बन्धी कार्यकालागि आवश्यक श्रोत, साधनको ब्यवस्था मिलाउने,
- अनुगमन तथा मूल्याङ्कन समितिले गर्नु पर्ने सवै प्रकारका ब्यवस्थापकीय कार्य गर्ने गाराउने तथा सहयोग गर्ने,
- सवै विषयगत क्षेत्र स'ग सम्बन्धित योजना तथा आयोजना साथै कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन नीति, योजना, सूचक तथा चेकलिष्ट साथै कार्यविधि निर्माण गर्ने साथै विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण गर्ने,
- सवै प्रकारका विषयगत विकास योजना, आयोजना तथा कार्यक्रमको अनुगमन, आवधिक प्रगति विवरण तयारी तथा प्रतिफलको समीक्षा गर्ने,
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन गर्ने,
- गाउँपालिकाले लिएको वा निर्धारण गरेका विषय क्षेत्रगत नीतिको अनुगमन तथा प्रभाव मूल्यांकन गर्ने,
- योजना अनुगमन तथा मूल्याङ्कन समितिको सचिवालयको रुपमा समेत कार्य गर्ने,
- अनुगमन तथा मूल्याङ्कन समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,
- गाउँकार्यपालिका, अनुगमन समितिको संयोजक, प्रमुख प्रशासकीय अधिकृत बाट तोकिएका अन्य कार्य गर्ने,
- विषयगत समितिबाट प्राप्त निर्देशनहरूको पालना गर्ने गराउने,

Scanned with OKEN Scanner

- सम्बन्धित विषयगत शाखाहरूले सञ्चालन गर्ने विकास तथा सेवा प्रवाह सम्बन्धी कार्यको सार्वजनिक सुनुवाई वा परिक्षणको व्यवस्था गर्ने गाराउने,
- गाउँकार्यपालिका तथा प्रमुख प्रशासकीय अधिकृत साथै विषयगत समितिबाट प्राप्त निर्देशनको पालना गर्ने गराउने,
- विकास निर्माण तथा सेवाको गुणस्तर, प्रभावकारिता तथा प्रतिफलका बारेमा भहष्त उयभि जस्ता बिधि प्रयोग गरी व्यवस्थापन परीक्षण गर्ने गराउने कार्यलाई प्रभावकारी बनाउने साथै सरोकारावालाको सहभागितालाई सुनिस्चित गर्ने गराउने,
- सार्वजनिक परिक्षण तथा अनुगमन मूल्याङ्कनका समयमा प्राप्त भएको चेकलिष्ट बमोजिमका विवरण र बस्तुगत अवस्थाका बारेमा शाखा प्रमुखलाई तत्काल लिखित तथा मौखिक जानकारी गराउने,
- अनुगनम मूल्याङ्कन साथै सार्वजनिक परिक्षण बाट प्राप्त सुझावका आधारमा सुधार गर्नु पर्ने विषय शाखा प्रमुख मार्फत कार्यपालिकाको बैठकमा छलफलका लागि पेश गर्ने वातावरण मिलाउने,

(क) कृषि विकास शाखा

- शाखाको मातहत रहि शाखाले सम्पादन गर्ने कार्यमा शाखा प्रमुखलाई सहयोग गर्ने साथै देहाय बमोजिमका कार्य सम्पादन गर्ने गराउने,
- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिंचाई निर्माणमा सहयोग, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गर्ने,
- कृषि बजार तथा निर्यात प्रवद्र्धन केन्द्रहरूको विकास र बिस्तार गर्ने,
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महाँमारी रोगको नियन्त्रण गर्ने,,
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्र्धन गर्ने,
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन गर्ने,

Scanned with OKEN Scanner

- दक्ष जनशक्तिको उपलब्धता र व्यवस्थापनमा स्थानीय कृषकहरूलाई सहयोग गर्ने,
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवद्र्घन, विकास तथा बजारीकरण गर्ने,
- कृषि सम्वन्धी बीमा र कर्जा सहजीकरण सम्वन्धीका कार्य गर्ने,
- भौतिक पूर्वाधार विकास शाखा सँग समन्वय गरी कृषि उपज भण्डार तथा शीत भण्डारणको व्यवस्थापन गर्ने,
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण गर्ने,
- कृषि बीउविजन, मलखाद र किटनासक बिसादिहरूको आपूर्ति, भण्डारण, उपयोग र नियमन गर्ने,
- कृषक समूह, कृषि सहकारी र कृषि सम्वन्धी स्थानीय सङ्घसंस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन गर्ने तथा गराउने साथै सरोकारवाला शाखा स'ग सम्बन्धित विषयमा समन्वय गर्ने,
- कृषि उपजमा आधारित उद्योग व्यवसाय स'ग समन्वय गरी दिगो बजार विकास र व्यवस्थापन गर्ने,
- कृषि सम्बन्धी प्रविधिको खोजी, विकास, संरक्षण र हस्तान्तरण गर्ने,
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार गर्ने,
- कृषि स्रोत तथा सेवा केन्द्रको स्थापना र व्यवस्थापन गर्ने,
- कृषिको व्यवसायिकिकरणमा बिशेष भुमिका निर्वाहा गर्ने साथै उत्पादकत्व बृद्धिमा सहयोग गर्ने,

Scanned with OKEN Scanner